

# दोर्दी-१ जलविद्युत खबर

सुरुङ्ग निर्माण कार्य

चैत्र २०७४, अंक १६

## आयोजनाको हालको निर्माण अवस्था

आयोजनाको सुरुङ्ग निर्माण कम्पनी माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडले आयोजना स्थलको Head works क्षेत्रमा कर्मचारी आवास, स्टोर निर्माण गरिएको छ भने चाहिने विद्युतीय उर्जाको लागि आवश्यक संरचनाको निर्माण कार्य सम्पन्न गरेको छ । Tunnel Outlet क्षेत्रमा पनि कामदार आवासको निर्माण कार्य पनि सकिएको छ ।

सुरुङ्ग निर्माणको लागि चैत्र १८ गते पहिलो Blasting कार्य सुरु गरिएको छ। यस आयोजनाको कुल ३२०० मिटर लामो जलमार्ग मध्ये २५५० मिटर सुरुङ्ग रहेको छ । उक्त सुरुङ्गको Inlet तर्फ Portal निर्माण कार्य सम्पन्न गरी विष्फोटन कार्य सुरु भएको हो भने Outlet तर्फ भने Portal निर्माण कार्य चलिरहेको छ । हाल दैनिक १ देखि २ विष्फोटन भइरहेको छ र प्रतिदिन सरदर १-२ मिटरले सुरुङ्ग निर्माण भइरहेको छ । चैत्र मसान्तसम्म कुल १५ मिटरको सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको छ ।



सुरुङ्ग निर्माणका लागि विष्फोटनको तयारी



क्रसर प्लान्ट

Drilling and Blasting प्रक्रियाबाट निर्माण हुने उक्त सुरुङ्गको Inlet र Outlet दुवै तर्फबाट विष्फोटन सुरु भएपछि दैनिक ३ देखि ४ विष्फोटन हुने छन् भने प्रतिदिन ५-६ मिटरसम्म सुरुङ्ग खन्ने लक्ष्य रहेको छ ।

माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडले Head works र सुरुङ्गको सिभिल निर्माणका लागि आफ्नै क्रसर प्लान्ट आयोजना क्षेत्रमा निर्माण गरिसकेको छ । साथै सिभिल निर्माण कार्य, हाईड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा प्राप्त बोलपत्रहरुको हाल आर्थिक तथा प्राविधिक मुल्याङ्कन भइरहेको छ ।

यस कम्पनीले दोर्दी-१ जलविद्युत आयोजनाको पावर हाउस, स्वीचयार्ड र पेनस्टकको सिभिल निर्माण कार्य गर्नका लागि गरिनुपर्ने ठेक्का सम्झौता बैशाखको पहिलो सातामा नै गर्ने लक्ष्य राखेको छ ।

दोर्दी -१ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइन जोड्नका लागि दोर्दी कोरिडोर प्रसारण लाइन र किर्तिपुरमा नेपाल विद्युत प्राधिकरणद्वारा बनाउनुपर्ने सवस्टेसनको ठेक्का प्रक्रिया सकेर विस्तृत सर्भेको कार्य समेत भइरहेको छ । यस आयोजनाले स्थानिय प्रशासन र स्थानिय बासिन्दाहरुबाट आयोजना निर्माण प्रक्रियामा निरन्तर साथ र सहयोग प्राप्त गरिरहेको छ ।

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७४।७५ को वार्षिक साधारण सभा २०७४ चैत्र २८ गते, अमृतभोग पार्टी प्यालेस कालिकास्थान डिल्लीबजारमा सम्पन्न भएको छ ।



Tunnel Inlet Portal







दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७४।७५ को वार्षिक साधारण सभाका केही झलकहरु

सम्पादक: पार्वती पराजुली
दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर ,काठमाडौं
फोन न:९७७-१-४२३२७४८, ४२३२७४९,
ईमेल :info @dordikhola.com.np
वेबसाइट: www.dordikhola.com.np